# रमाइलो असार

**-नरबहादुर दाहाल**

हिजोसम्म

सूर्यको

प्रखर ऊष्णताले

पिल्सिएको धर्ती

आज श्रमको पसीनाले उन्मत्त छ।

रातभरि असीनाले चुटेर

खिन्न भइसकेका

खेतबारी

आज फेरि

रसियाको धुनमा सन्तप्त छ।

आफ्ना पोल्टा भरिका पानी

सबै खन्याएर

बादलले छताछुल्ल पारेको छ।

दिनभरि खेतमा

काम गर्ने

हली,

कोदाले,

बाउसे

र

सबै रोपाहार...

लिई, हिलै हिलो मुखभरि

लिई, हिलै हिलो आँखाभरि

हिलैको टीका

लगाएको निधार

अनि

भोकमा खाई

दही, चिउरा, अचार।

मस्त छन् सबै

व्यस्त छन् सबै

उन्मत्त छन् सबै।

लाग्छ मलाई

यसरी नै व्यस्त होस् जिन्दगी

यसरी नै मस्त होस् जिन्दगी

यसरी नै अस्त होस् जिन्दगी

तब पो

रमाइलो हुन्छ जिन्दगी।

अनि पो हुन्छ

भोलि धनधान्यपूर्ण संसार।

यसरी नै

फेरि भोलिको सुख बाँड्दै

सौन्दर्य र सौरभ छर्दै

आशा र विश्वास भर्दै

फेरि आयो

प्रकृतिको सादर उपहार

यो रमाइलो असार।

*सुकना (भारत)*